# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
## दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/२९

चुरे गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, कैलाली जिल्ला अन्तरगत चुरे गाउँपालिकामा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइर  सिचाई योजनाहरूका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री पाइप, फिटीङ्गस् तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, र उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः**

| समुह | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने) | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| समुह क | रानीभुकुडा खानेपानी तथा सरसफाइ योजना चुरे -४ | २८,९९,४३१।५५ (अक्षरः अठाइस लाख उन्न सय हजार चार सय एकतिस) | ३००० (अक्षरुपी तिन हजार मात्र) | हाटखोली/ चुरे-४, र गौरिगंगाको चौमाला कैलाली |
| | मेलबास बबैना खानेपानी तथा सरसफाइ योजना चुरे -१ | | | |

१) विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम तथा गुणस्तर/स्पेसिफिकेशन चुरे गाउँपालिकाको कार्यालयका साथै पालिकाको र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको निम्न वेबपेजबाट प्राप्त गर्न सकिने छ ।
चुरे गाउँपालिकाको वेभसाईटः www.churemun.gov.np परियोजनाको वेभसाईटःwww.laccp.org.np

२) दरभाउपत्र पेश गर्दा दरभाउ पत्र पेश गरिसक्नु पर्ने मिति पुर्वमाथि तोकिएको दस्तुर चुरेगाउँपालिकाको लक्ष्मी सनराइज बैंक लिमिटेड, चुरे शाखामा रहेको खाता न. ०८२०५२९९६३७०३००६(राजस्व शीर्षक १४२२९)मा जम्मा गरेको सक्कलै भौचर सहित फर्म/सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ४ (चौथो) दिनको दिउसो १२:०० बजे भित्र चुरे गाउँपालिकाको कार्यालयमा पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित समुहगत उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ। यदि कुनै सप्लायर्स वा फर्मले सिलबन्दी दरभाउ पत्र पेश गर्दा बैंक दाखिला भौचर पेश नगरेमा सो सप्लायर्स वा फर्मको दरभाउ पत्र मुल्यांकन गरिने छैन ।

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ४ (चौथो) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४) सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन ।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले ४(चौथो) दिन चुरे गाउँपालिकाको कार्यालयमा दिउसो २ बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, गाउँपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६) दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

१०) अन्य शर्तहरू परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाको सूचना पाटी तथा गाउँपालिका र जलवायु परिवर्तनस्थानीय अनुकूलन परियोजनाको वेबपेजबाट जानकारि गरिनेछ ।

१२) अन्य थप जानकारी चाहिएमा चुरे गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना हेर्ने शाखामा सम्पर्क (९८४८४३१५३१/९८६३३५६८८७) गर्न सकिनेछ ।

**संयुक्त खरिद समिति**